आज मिति२०८३/४/२३ गते व्यास नगर कार्यपालिकाको २४४ औं बैठक नगर प्रमुख श्री वैकुण्ठ न्यौपानेज्यूको अध्यक्षतामा बसी तपसिलको उपस्थितिमा निम्नानुसारको निर्णयहरु गरियो।

<u>उपस्थिति</u>

| | | |
|---|---|---|
| नगर प्रमुख | - श्री वैकुण्ठ न्यौपाने | उपस्थित |
| उपप्रमुख | - श्री इन्दिरा दरै | उपस्थित |
| वडा अध्यक्ष वडा नं.१ | - श्री रमेशचन्द्र हड्खले | उपस्थित |
| वडा अध्यक्ष वडा नं.२ | - श्री काशीराम श्रेष्ठ | उपस्थित |
| वडा अध्यक्ष वडा नं.३ | - श्री अनुप राना | उपस्थित |
| वडा अध्यक्ष वडा नं.४ | - श्री मनबहादुर गुरुङ्ग | उपस्थित |
| वडा अध्यक्ष वडा नं.५ | - श्री विष्णुकुमार श्रेष्ठ | उपस्थित |
| वडा अध्यक्ष वडा नं.६ | - श्री जीवन गुरुङ्ग | उपस्थित |
| वडा अध्यक्ष वडा नं.७ | - श्री कृष्णप्रसाद न्यौपाने | उपस्थित |
| वडा अध्यक्ष वडा नं.८ | - श्री युवराज गुरुङ्ग | उपस्थित |
| वडा अध्यक्ष वडा नं.९ | - श्री सुरेश थापा | उपस्थित |
| वडा अध्यक्ष वडा नं.१० | - श्री खेमराज पोख्रेल | उपस्थित |
| वडा अध्यक्ष वडा नं.११ | - श्री दलबहादुर दुरा | उपस्थित |
| वडा अध्यक्ष वडा नं.१२ | - श्री बमबहादुर आले | अनुपस्थित |
| वडा अध्यक्ष वडा नं.१३ | - श्री बसन्त आले | अनुपस्थित |
| वडा अध्यक्ष वडा नं.१४ | - श्री काजीमान श्रेष्ठ | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री चन्द्रमाया परियार | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री नरीमाया राना | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री ज्ञानुमाया सुनार | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री कमला घर्ती | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री किस्नादुरा गुरुङ्ग | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री चेतबहादुर दरै | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री निला घिमिरे | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री रनसिं नेपाली | उपस्थित |
| सचिव | - श्री सुकदेव लम्साल | उपस्थित |
| का.वा. अध्यक्ष, वडा नं. १२ | – श्री हर्क बहादुर कार्की | उपस्थित |
| का.वा. अध्यक्ष, वडा नं. १३ | – श्री हरिश्चन्द्र पन्थ | उपस्थित |
| प्रशासकीय अधिकृत | – श्री रामचन्द्र हड्खले | उपस्थित |

**प्रस्तावहरु**

प्रस्ताव नं.१: मिति २०८३/४/१२ गते भएको २४३औ कार्यपालिका बैठकको निर्णयहरुको समीक्षा सम्बन्धमा ।
प्रस्ताव नं.२: बैरेनी जग्गा एकीकरण आयोजनाको कित्ता एकीकरण सम्बन्धमा ।
प्रस्ताव नं.३: मानहुँकोट पर्यटकीय ग्राम सम्बन्धमा ।
प्रस्ताव नं.४: नारेश्वर तालमा तालको जग्गा खरिद गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.५: खेलमैदानको दररेट अद्यावधिक गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.६: पराशर मार्गको म्याद थप सम्बन्धमा ।
प्रस्ताव नं.७: आँखा उपचार केन्द्र सञ्चालनमा सहकार्य गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.८: नगर युवा परिषद् आ.व.२०८३/०८४ गठन सम्बन्धमा ।
प्रस्ताव नं.९: सार्वजनिक पेटीमा बनेका संरचनाहरु हटाउने सम्बन्धमा ।
प्रस्ताव नं.१०: धन्यवाद ज्ञापन गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.११: कार्यालय प्रयोजनका लागि २ पाङ्ग्रे सवारी साधन खरिद गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.१२: सरसफाइ व्यवस्थापनमा निजी क्षेत्रसँग सहकार्य गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.१३: वडा नं.७ को कार्यालय भवनमा ट्रस राख्ने सम्बन्धमा ।
प्रस्ताव नं.१४: अनुदान शिक्षक व्यवस्थापन सम्बन्धमा ।
प्रस्ताव नं.१५: सडक यातायात व्यवस्थापन सम्बन्धमा ।
प्रस्ताव नं.१६: विपदजन्य कार्य एवं मर्मत संहार गर्ने कार्यहरुलाई सम्बोधन गर्ने सम्बन्धमा ।

**निर्णयहरुः**

**निर्णय नं.१:** प्रस्ताव नं.१ का सम्बन्धमा छलफल हुँदा मिति २०८३/०४/१२ गते भएको २४३ औं कार्यपालिकाको बैठकका निर्णयहरुको समीक्षा गरियो ।

**निर्णय नं.२:** प्रस्ताव नं.२ का सम्बन्धमा छलफल हुँदा बैरेनी जग्गा एकीकरण आयोजना अन्तर्गत परेका कुल जग्गा मध्ये ४६,८०३.८० वर्ग मिटर (९२ रोपनी) जग्गा सुरु नापीकै अवस्थामा रैतानी गुठी भनी नापी भै अभिलेख कायम भैसकेकोले अन्य विषय पछि ठहरे बमोजिम हुने गरी हाललाई आयोजना भित्र रहेका सबै जग्गाहरुको साविककै अभिलेख बमोजिम नामाकरण कायम हुने गरी सम्बन्धित जग्गाधनीहरुलाई विकसित घडेरी फिर्ता गर्ने प्रयोजनका लागि कित्ता एकीकरण लगायतको प्रक्रिया अघि बढाउन भूमि प्रशासन कार्यालय, तनहुँमा लेखी पठाउने निर्णय गरियो ।

**निर्णय नं.३:** प्रस्ताव नं.३ का सम्बन्धमा छलफल हुँदा व्यास न.पा. वडा नं.५ मानुङकोट पर्यटकीय ग्राम निर्माणका लागि मानहुँकोट जग्गा विकास आयोजना सञ्चालन गर्ने सिलसिलामा संयुक्त राज्य अमेरिका, क्यालिफोर्नियास्थित Institute for Sustainable Infrastructure (ISI) मा मानुङकोटमा बन्ने संरचनाहरुको दिगोपना र उत्थानशीलता मापन गर्ने प्राविधिक सहयोगका लागि व्यास नगरपालिकाबाट पेश गरिएको प्रस्ताव स्वीकृत भएको जानकारी आएकाले मानहुँकोट जग्गा विकास आयोजना मार्फत उक्त अन्तर्राष्ट्रिय संस्थासँग प्राविधिक सहयोग लिई सहकार्य गर्ने निर्णय गरियो ।

**निर्णय नं.४:** प्रस्ताव नं.४ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं.१०, दुम्सीचौरमा निर्माणाधीन नारेश्वर तालमा तालको जग्गा मिलान गर्नका लागि निम्न लिखित जग्गाहरु खरिद गर्नुपर्ने देखिएकाले नगरसभाबाट विनियोजित रकमबाट लिन जग्गा प्राप्ति ऐन २०३४ बमोजिम नेपाल सरकारसँग अनुमतिका लागि प्रकृया अघि बढाउने निर्णय गरियो ।

(१) श्री बमबहादुर दरैका नाउँको साविक फराकचौर ७ (ज) कि.नं.१५५ को दोयम पाखो क्षेत्रफल १-१०-०-० मध्ये दक्षिण-पश्चिम तर्फ ०-३-३-१ कित्ता १, बाँकी १-६-०-३ कित्ता - १।

(२) श्री चमबहादुर दरैका नाउँको ऐ.ऐ. नक्सा नं.७ (ज) कि.नं.१५४ को दोयम पाखो १–१०–०–० मध्ये दक्षिण–पश्चिम तर्फ ०–१–१–२ कित्ता १, बाँकी १–८–२–२ कित्ता – १।

(३) श्री खमबहादुर दरैका नाउँको ऐ.ऐ. नक्सा नं.७ (ज) कि.नं.१५६ को दोयम पाखो १–१०–०–० मध्ये दक्षिण–पश्चिम तर्फ ०–४–०–२ कित्ता १, बाँकी १–६–३–२ कित्ता –१।

(४) श्री क्षेत्रबहादुर दरैका नाउँको फराकचौर ७ (ज) कि.नं. साविक ११३ को सिम खेत क्षेत्रफल ०–६–२–२ मध्ये दक्षिण–पश्चिम तर्फ ०–५–०–१ कित्ता –१, बाँकी ०–१–२–१ कित्ता – १ ।

(५) श्री लालबहादुर दरैका नाउँमा रहेको फराकचौ ७ (ज) कि.नं.११२ को सिमखेत क्षेत्रफल ०–५–३–० मध्ये दक्षिण–पश्चिम तर्फ ०–३–१–० कित्ता – १, बाँकी ०–२–२–० कित्ता – १ ।

(६) श्री भिकबहादुर दरैका नाउँमा रहेको फराकचौर ७ (ज) कि.नं.१११ को सिम खेत क्षेत्रफल ०–७–२–३ मध्ये दक्षिण–पश्चिम तर्फ ०–२–१–२ कित्ता –१, बाँकी ०–५–१–१ कित्ता – १ ।

**जम्मा क्षेत्रफल १–४–२–३**

**निर्णय नं.५:** प्रस्ताव नं.५ का सम्बन्धमा छलफल हुँदा आ.व.२०७५/०७६ मा तयार गरिएको व्यास नगरपालिका वडा नं.३ स्थित खेलमैदानको विस्तृत निर्माण प्रतिवेदन (DPR) लाई हाल प्रचलित दररेट अनुसार अद्यावधिक गर्ने निर्णय गरियो ।

**निर्णय नं.६**: प्रस्ताव नं.६ का सम्बन्धमा छलफल हुँदा विश्व बैंकको सहयोगमा निर्माणाधिन पराशर मार्गको निर्माण कार्यका लागि सम्बन्धित निर्माण व्यवसायीले प्रत्येक हप्ता स्वयं उपस्थित भई कार्यप्रगति विवरण पेश गर्ने तथा २०८३ साल असोज मसान्तभित्र निर्माण कार्य सम्पन्न गर्ने गरी कार्यतालिका सहितको विवरण पेश गर्नुपर्ने शर्तमा २०८३ साल असोज मसान्तसम्म म्याद थप गर्ने निर्णय गरियो ।

**निर्णय नं.७**: प्रस्ताव नं.७ का सम्बन्धमा छलफल हुँदा पोखरा, घारीपाटनस्थित हिमालय आँखा अस्पतालबाट दमौलीमा आँखा उपचार केन्द्र सञ्चालनका लागि यस नगरपालिकासँग सहकार्य गर्न अनुरोध भई आएकाले उक्त अस्पतालसँग सहकार्य गर्ने निर्णय गरियो ।

**निर्णय नं.८**: प्रस्ताव नं.८ का सम्बन्धमा छलफल हुँदा व्यास नगर युवा परिषद्, आ.व.२०८३/०८४ गठनका लागि १५ दिने सूचना प्रकाशन गरी प्राप्त नामहरु कार्यविधि अनुसार सिफारिस गर्ने कार्यका लागि नगर खेलकुद समितिलाई संयोजनको जिम्मेवारी दिने निर्णय गरियो ।

**निर्णय नं.९**: प्रस्ताव नं.९ का सम्बन्धमा छलफल हुँदा नगरपालिकाको अनुरोधमा सार्वजनिक पेटीमा रहेका संरचनाहरु हटाउन सहयोग गर्नुहुने सम्पूर्ण घरधनीहरुलाई धन्यवाद ज्ञापन गर्दै बाँकी रहेका संरचनाहरु हटाउने कार्यका लागि कार्यालयलाई आवश्यक प्रक्रिया अघि बढाउन निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.१०**: प्रस्ताव नं.१० का सम्बन्धमा छलफल हुँदा हालै सम्पन्न जनप्रतिनिधिहरुको क्षमता विकास तालिममा प्रशिक्षण दिनु हुने पूर्व सचिव श्री कृष्णहरी बास्कोटा र डा. शेषरमण न्यौपानेलाई धन्यवाद ज्ञापन गर्ने निर्णय गरियो ।

**निर्णय नं.११**: प्रस्ताव नं.११ का सम्बन्धमा छलफल हुँदा कार्यालय प्रयोजनका लागि आ.व.२०८३/०८४ को बजेट शीर्षक नं.६७ बाट खरिद गर्ने गरी ३ (तीन) थान दुइपाङ्ग्रे स्कुटर खरिद गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.१२:** प्रस्ताव नं.१२ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं.४ बस्ने श्री अजय गिरीले सार्वजनिक नीजि साझेदारी (PPP) मोडल अन्तर्गत ×वेष्ट टु एनर्जी" (CBG तथा बायोडिजेल) प्लान्ट सञ्चालन गर्ने मिति २०८३/४/२३ गते गर्नुभएको प्रस्तुतीका लागि धन्यवाद ज्ञापन गर्दै नगरपालिकाको दायित्व र सम्झौताको विस्तृत प्रस्तावको खुला आसय पत्र (LOI) माग गर्ने निर्णय गरियो ।

**निर्णय नं.१३**: प्रस्ताव नं.१३ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं.७ को भुइतला रहेको भवनमा छतबाट पानी चुहिएको कारणले भवन संरक्षण गर्नुपर्ने देखिंदा आ.व.२०८३/०८४ को बजेट शीर्षक नं.९३४ बाट खर्च हुने गरी ट्रस राख्न लागत इष्टिमेट अनुसार रू.८,५०,०००/ (अक्षेरुपी आठ लाख पचास हजार) बजेट स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं.१४**: प्रस्ताव नं.१४ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका अन्तर्गत प्राप्त शिक्षक अनुदान कोटा वितरण गर्दा पराशर मा.वि. व्यास ५ मा २ दरबन्दी निर्धारण गरिएकोमा कार्यरत ३ जना मध्ये एक जना घटाउनु पर्ने र व्यास १० सर्वज्योती मा.वि. मा २ दरबन्दी कोटा वितरण गरिएकोमा एक दरबन्दी रिक्त भएकाले पराशर मा.वि. शिक्षण सिकाइ अनुदानका विज्ञान शिक्षक श्री विजयराज खनाललाई सर्वज्योती मा.वि. मा व्यवस्थापन गर्ने र व्यास १० जनता आधारभुत विद्यालयमा कार्यरत विज्ञान अनुदान शिक्षक श्री समिक्षा पोख्रेलले राजिनामा दिई रिक्त हुन आउने अनुदान कोटामा व्यास ७ शेषमटार समता आधारभुत विद्यालयमा कार्यरत शिक्षक गणित/विज्ञान श्री वर्षा गुरुङलाई व्यवस्थापन गर्ने निर्णय गरियो ।

**निर्णय नं.१५**: प्रस्ताव नं.१५ का सम्बन्धमा छलफल हुँदा सडक ट्राफिक व्यवस्थापन सम्बन्धमा सुधार योजना चलिरहंदा साँगे चोकमा रुटको साविक स्थानमा एक गाडी राख्ने र सो हिडेपछि अर्को आउने प्रबन्ध मिलाउने र वडा नं.२, ३ अध्यक्षहरु सफा सडक टोल विकास संस्था र उद्योग वाणिज्य संघ दमौली बजार इकाई संघ समन्वय गरी सफा सडक व्यास चोकदेखि प्रशासन चोकसम्म एक हप्तामा एकातर्फ र अर्को हप्ता अर्को तर्फ एक/एक हप्ताको पालो गरी सडक पेटीदेखि १२० (एक एकसय बिस इञ्च) मात्र मा रेखा तानी उत्तर-दक्षिण तेर्सो गरी २ पाङ्ग्रे सवारी साधन मात्र राख्न पाउने गरी व्यवस्थापन गर्न प्रशासन शाखालाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.१६**: प्रस्ताव नं.१६ का सम्बन्धमा छलफल हुँदा विपदजन्य र अत्यावश्यक निम्न कार्यका लागि बजेट विनियोजन गर्ने निर्णय गरियो ।

| सि.नं. | कार्यक्रम | वडा नं. | विनियोजित रकम | खर्च शीर्षक |
|---|---|---|---|---|
| १ | पत्रकार महासंघ जिल्ला भवन तनहुँ निर्माण सहयोग | २ | ५,००,०००/- | ३९ |
| २ | महिला उद्मी संघ तनहुँ तीज विशेष उद्यमशीलता मेला | ३ | २,००,०००/- | ११७ |
| ३ | वेदनारायण क्षेत्री, गाइपालनको लागि ४० एम.एम.को पाइप खरिद सहयोग | ५ | १०,०००/- | १४३ |
| ४ | मुरारी पौडेल, विद्युत तार विस्तार सहयोग | ८ | २५,०००/- | ९२९ |
| ५ | घैयाखेत कुलो पहिरो सफाई | ८ | २०,०००/- | २३७ |
| ६ | धनबहादुर गुरुङ, बोयर बोका खरिद सहयोग | ८ | १५,०००/- | १४३ |
| ७ | जमुनापारी बाख्रा १, पाठापाठी ३ बिरामी मृत्यु सहयोग | ९ | २०,०००/- | २४० |
| ८ | मनकामना आश्रम जीर्ण टिन फेर्ने कार्यक्रम | ११ | ८०,०००/- | ९३४ |
| ९ | पर्यटन मिडिया नेपाल प्रा.लि. विज्ञापन सहयोग | | १२,०००/- | ३९ |

***